# स्थानीय राजपत्र

खण्ड ७ संख्या ३ मिति २०८१।०१।२६

## भाग-१
## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालयजनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

### विद्युतीय संचार माध्यममा लोक कल्याणकारी विज्ञापन वितरण सम्वन्धी ऐन, २०८०

**प्रस्तावना:–**

जनकपुरधाम उपमहानगरपालिकाले जनताको सूचना पाउने हकको सुनिश्चिता प्रदान गर्न नागरिकसम्म सूचना तथा समाचारहरु प्रसारण गर्ने विद्युतीय संचार माध्यमहरु एफ.एम. रेडियो र टेलिभिजनको दिगो विकासमा टेवा पुर्याउने उद्वेश्यले जनहितमा आधारित लोक कल्याणकारी विज्ञापनउपलब्ध गराउने उद्देश्य अनुसार एफएम रेडियो र टेलिभिजनलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लागु गरिएको छ।





**१. कार्य ऐन को नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम जनकपुरधाम उपमहानगरपालिकामा स्थापना भएका एफ.एम. रेडियो टेलिभिजनका लागि "लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी ऐन, २०८०" रहेको छ
(ख) यो ऐन नगरसभाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "एफएम रेडियो" भन्नाले नियम अनुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेव जनकपुरधाम उपमहानगरपालिका भित्र स्थायी ठेगना भएका एफएम रेडियोल बुझाउने छ।

(ख) "टेलिभिजन" भन्नाले नियम अनुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेव जनकपुरधाम उपमहानगरपालिका भित्र स्थायी ठेगना भएका टेरेस्टीएल र केव टेलिभिजनलाई बुझाउने छ।

(ग) "उपमहानगर" भन्नाले जनकपुरधाम उपमहानगरपालिका सम्झनु पर्दछ।

(घ) "नगर" भन्नाले जनकपुरधामउपमहानगरपालिकाको नगर सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जनकपुरधाम उपमहानगरपालिको प्रम प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले दफा ३ वमोजिम गठित प्रसारण संपरीक्षण तथा अनुगमन समि सम्झनु पर्दछ।

(ज) "लोक कल्याणकारी विज्ञापन" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाले प्रसारण ग दिएको चेतनमुलक एवं सूचना मुलक सामाग्री सम्झनु पर्दछ र यो शब्दले प्रकोप अवस्थामा प्रसारण गर्न दिएको सूचना वा सन्देशमूलक सामाग्रीलाई समेत जनाउँदछ

**३. प्रसारण संपरिक्षण तथा अनुगमन समितिको गठन :**

(१) एफएम रेडियोका लागि समन्वय गर्न र वर्गीकरण तथा अनुगमन गर्न देहाय वमोजिमको प्रसारण संपरिक्षण समिति रहनेछ ।

(क) जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत – संयोजक

(ख) सामुदायिक रेडियो प्रसारक संघका प्रतिनिधी –सदस्य

(ग) नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष वा प्रतिनिधी – सदस्य

(घ) ब्रोडकाष्टीङ एशोसिएसन अफ नेपाल (वान)का प्रतिनिधी –सदस्य

(ङ) प्रमुखले मनोनयन गर्ने विषय विज्ञ दुई जना –सदस्य

(च) आर्थिक प्रशासन महाशाखाका प्रमुख –सदस्य

(छ) प्रशासन महाशाखाका प्रमुख – सदस्य सचिव

२) समितिले वैठक सम्वन्धी ऐन आफै निर्धारण गर्नेछ ।

(३) समितिको सचिवालयको काम सूचना तथा प्रविधि महाशाखाले गर्नेछ ।

**४. संपरिक्षण तथा अनुगमन समितिका काम, कर्तब्य र अधिकारहरु :–**

समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लोककल्याणकारी विज्ञापनको आवेदन मागको सूचना जारी गर्ने ।

(ख) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका एफएम रेडियो र टेलिभिजनलाई लोक कल्याणकारी विज्ञापन प्रसारणको कार्यादेश जारी गर्ने ।

(ग) लोक कल्याणकारी विज्ञापन प्रसारणको अनुगमन गर्ने ।

(घ) प्रसारण गर्ने लोक कल्याणकारी विज्ञापनको छनौट, प्रसारण तालिका निर्धारण, प्रसारणको समय र रकम निर्धारण गर्ने ।

(ङ) लोक कल्याणकारी विज्ञापन निर्माण गर्न लगाउने र प्रसारणका लागि सिफारीस गर्ने ।

(च) समितिले निर्णय गरेका अन्य कामहरु ।

**५. सूचना प्रकाशन तथा फारम भर्ने :**

(क) समितिले लोक कल्याणकारी विज्ञापन वितरणका एफएम रेडियो र स्थानीय टेलिभिजनसँग न्यूनतम १५ दिनको समयावधि दिई दरखास्त आव्हानको सूचना गर्ने छ ।





(ख) उपदफा (क) बमोजिम आव्हान गरिएको सूचनामा उल्लेखित म्याद भित्र प्रसारण संस्थाहरुले विज्ञापन प्रसारण गर्न भाग लिन अनूसूची (१) बमोजिमको ढाँचामा फारम भरी उपमहानगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

(ग) म्याद भित्र दर्ता नभएका फारमलाई लोक कल्याणकारीमा समावेश गरिने छैन ।

(घ) लोक कल्याणकारी विज्ञापनका लागि भाग लिन चाहने प्रसारण संस्थाले सूचना शाखाबाट फारम लिन सक्ने छ वा उपमहानगरपालिकाको वेवसाईडबाट डाउनलोड गर्न सक्नेछ ।

(ङ) वर्गीकरणमा सहभागी हुने विद्युतीय संचार माध्यमले प्रत्येक वर्षका लागि देहाय वमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछ ।

(च) एफएम रेडियो र टेलिभिजनको लागि रु ३०० (तीन सय) रुपैया ।

**६. एफएम रेडियोको वर्गीकरण र श्रेणी विभाजन :**

(१) दफा ५ बमोजिम दर्ता र दफा ७ बमोजिम शर्त पुरा गरेका एफएम रेडियोलाई संघिय सरकारले गरेको वर्गीकरणलाई समेत मध्यनजर गरी स्थानीय एफएम रेडियोको प्रकृतिको आधारमा वर्गीकरण गरिनेछ ।

(क) विद्युतीय आमसञ्चार माध्यमहरु मध्ये एफएम रेडियोको वाट क्षमता, प्रसारण पहुँच, रेडियोमा कार्यरत जनशक्ति र रेडियो प्रसारण गर्ने विषय वस्तुलाई समेत आधार वनाएर दुई तहमा वर्गीकरण गरिनेछ ।

(ख) लोक कल्याणकारी विज्ञापनको लागि वर्गीकृत हुन वा विज्ञापन प्राप्त गर्न आवश्यक पर्ने सम्पूर्ण प्रमाणहरु प्रसारण गर्ने संस्थाहरुले जुटाउनु पर्नेछ ।

(ग) नियमित प्रसारणमा आएको एक वर्ष पुगेपछि मात्र कुनै पनि प्रसारण संस्था लोक कल्याणकारी विज्ञापनको लागि योग्य हुनेछ । संघिय सरकारले दिएको नियमित प्रसारणको अनुमतिपत्र पेश गर्नुपर्छ ।

(घ) स्थानीय भाषामा समाचार वा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने संस्थालाई प्राथमिकता दिइनेछ ।

(ङ) एफएम रेडियोको प्राविधिक मूल्यांकन पछि मात्र लोक कल्याणकारी विज्ञापनका लागि प्रसारण संस्था छनौट गरिनेछ ।

(च) लोक कल्याणकारी विज्ञापन वितरणमा सामुदायिक एफएमलाई विशेष प्राथमिकता दिइनेछ ।

(छ) स्थानीय टेलिभिजनको हकमा संपरिक्षण तथा अनुगमन समितिले नै छनौटको विधि वनाउने छ ।

**७. विद्युतीत संचार माध्यमले पालना गर्नुपर्ने शर्तहरु :**

एफएम रेडियो र स्थानीय टेलिभिजनले लोक कल्याणकारी विज्ञापन प्राप्त गर्नका लागि देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

(क) नेपालको संविधान र प्रचलित कानुनहरुको पालना गरेको,

(ख) प्रत्येक बर्ष नविकरण भएका ,

(ग) कर चुक्ताको प्रमाणपत्र पेश गरेको,

(घ) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचार संहिता पालना गरेको,

(ङ) तीस प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको,

(च) जनकपुरधाम उपमहानगरपालिकामा तोकिएको म्याद भित्र सूचिकृत भएको,

(छ) एक बर्षमा कम्तीमा ३३० दिन नियमित प्रसारण भएको,

(ज) दिनमा कम्तीमा १० घण्टा प्रसारण भएको,

(झ) विज्ञापनको समय कुल प्रसारणको २५ प्रतिशत मात्र भएको,

(ञ) प्रसारण गरिने लोक कल्याणकारी विज्ञापनको मिडिया प्लान अनिवार्य रुपमा पेश गरेको

(ट) एफ.एम. रेडियो र टेलिभिजन प्रसारण सम्वन्धि आचार संहिता पालन गरेको ।

**८. लोक कल्याणकारी विज्ञापनको निर्माण :**

(क) समितिको सिफारीसको आधारमा उपमहानगरपालिकाले लोक कल्याणकारी विज्ञापनको विषय वस्तुको निर्धारण गर्नेछ ।

(ख) लोक कल्याणकारी विज्ञापनको विषय वस्तु निर्धारण गर्दा मैथली भाषालाई प्राथमिकता दिईनेछ ।

(ग) विज्ञापन निर्माणमा एकरुपता कायम गरिनेछ ।

घ) लोक कल्याणकारी विज्ञापन निर्माण सम्वन्धी सवै काम उपमहानगरपालिकाले गर्नेछ ।

**९. लोक कल्याणकारी विज्ञापन प्रसारणको मिति तथा समय :**

(क) समितिको निर्णय अनुसार प्रसारण संस्थाले लोक कल्याणकारी विज्ञापनको लागि विशेष (सुपर) प्राईम, प्राईम र साधारणजनरल) समय छुट्टयाउनु पर्नेछ ।





(ख) प्रसारण संस्थाले लोक कल्याणकारी विज्ञापन वर्गीकरणका आधारमा दैनिक कति पटक कुन समयमा के प्रसारण गर्ने भन्ने सम्वन्धमा समितिले निर्धारण गरे बमोजिम ग पर्नेछ ।

(ग) विज्ञापन प्रसारण गर्दा उपमहानगरपालिकाले तोकेको समयमा प्रसारण संस्थाले अनिवा रुपमा प्रसारण गर्नुपर्नेछ ।

(घ) उपमहानगरपालिकालाई प्रसारणको समयको पूर्व जानकारी उपलब्ध गराउनु पर्नेछ सो को रेकर्ड उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

(ङ) उपमहानगरपालिकाले अनुगमन प्रणालीमा प्रसारित सामाग्रीको स्पष्ट प्रमाण खुल्ने गर रेकर्ड राख्नु पर्नेछ ।

(च) समितिको सिफारीस अनुरुप वर्गीकृत भई सकेपछि त्यस्ता प्रसारण संस्थाहरुला समितिको निर्णय र निर्देशन बमोजिम उपमहानगरपालिकाको सूचना शाखाले प्रसारण गर्ने विज्ञापन तथा प्रसारणको मिति, समय र तालिका उपलब्ध गराउनेछ ।

(छ) प्रसारण सम्वन्धी विवरणलाई उपमहानगरपालिकाको वेवसाईड मार्फत सार्वजनिक गरिनेछ ।

**१०. प्रसारण निरीक्षण व्यवस्था :**

(क) तोकिए बमोजिम लोक कल्याणकारी विज्ञापन प्रसारण भए नभएको सम्वन्धमा समिति अनुगमन निरिक्षण गर्न सक्नेछ ।

(ख) समितिले जुनसुकै समयमा पनि प्रसारण संस्थाको निरीक्षण गर्न सक्नेछ ।

निरीक्षणको समयमा विज्ञापनसँग सरोकार राख्ने कागजपत्र देखाउनु सम्वन्धित संस्थाक कर्तब्य हुनेछ ।

(ग) कुनै प्रसारण संस्थाले मुल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फारममा वास्तविकता भन्द फरक विवरण उल्लेख गरेको कुरा निरीक्षण वा प्रसारणको कार्यालयमा भएका अन् विवरणबाट थाहा हुनगई प्रमाणित भएमा समितिले लोक कल्याणकारी विज्ञापन सहयो बढीमा २ बर्षका लागि स्थगित गर्न सक्नेछ ।

(घ) विद्युतीय संचार माध्यमले पत्रकारिता सम्वन्धी आचार संहिता र एफएम रेडियो सम्वन् मुल्यमान्यता पालना गरेको छ वा छैन निरीक्षण गर्न सकिनेछ ।

(ङ) कुनै एक संस्थाले तीन पटक भन्दा बढी आचार संहिता उल्लंघन गरेमा लोक कल्याणकारी विज्ञापनको लागि अयोग्य ठहरिनेछ ।

**११. बजेट बाँडफाँड प्रक्रिया :**

(१) विज्ञापन निर्माण, प्रसारण तथा प्रशासनिक खर्च विद्युतीय संचार माध्यमका लागि विनियोजित बजेट मध्येबाट देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(क) विज्ञापन निर्माण गर्दा १० प्रतिशत तथा प्रशासनिक खर्च ५ प्रतिशत राखिनेछ ।

(ख) विज्ञापन प्रसारकका लागि ९० प्रतिशत रकम छुट्टाइने छ ।

(२) लोक कल्याणकारी विज्ञापन वितरणको लागि प्रसारण संस्थाको अभिलेख समितिले तयार गर्नेछ ।

(३) समितिको बैठक बसेको दिन पदाधिकारी तथा आमन्त्रितहरुलाई बैठक तथा अनुगमन भत्ता वापत महानगरपालिकाको कार्यपालिका सदस्यले पाउँने सरह सुविधा प्रदान गरिनेछ ।

(४) लोक कल्याणकारी विज्ञापन सम्वन्धमा प्रभावकारिता तथा पृष्ठपोषणका सम्वन्धमा आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया, अनुगमन र निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ । सो कार्यक्रमको लागि आवश्यक पर्ने रकम यसै ऐन अनुसार छुट्टाइएको प्रशासनिक खर्चबाट व्यवस्था गरिनेछ ।

**१२. भुक्तानी प्रकृया :**

(क) प्रसारण संस्थाले विज्ञापन प्रसारण भएको विद्युतीय प्रसारण अडियो रेकर्ड सहित आवेदन दिएपछि लोक कल्याणकारी विज्ञापन प्रसारणको रकमको भुक्तानी उपमहानगरपालिकाका आर्थिक प्रशासन महाशाखाबाट दिइनेछ ।

(ख) लोक कल्याणकारी विज्ञापनको भुक्तानी हरेक तीन/तीन महिनाको अन्तरालमा वितरण गरिनेछ ।

(ग) लोक कल्याणकारी विज्ञापन बाहेक अन्य विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्नु परेमा सम्वन्धी शाखाको सहमतीमा छुट्टै सम्झौता गरि कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम उत्पादन र प्रसारणको व्यवस्था सम्झौता अनुसार नै हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउने :**

यस अघि भएका कार्य यसै ऐन अनुसार हुनेछ । संघीय र प्रदेश कानून बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**अनुसूचि (१)**
**अनुसारको फारम**

विद्युतीय संचार माध्यमका लागि लोक कल्याणकारी विज्ञापन प्रसारण गर्न दर्ता फारम.





(१) प्रसारण संस्थाको नाम :
(२) ठेगाना :
(३) सञ्चालन भएको स्थान :
(४) सञ्चालक वा कार्य समितिका पदाधिकारीहरुको नाम :
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(५) प्रसारण संस्थाको क्षमता :
(६) प्रसारण समय :
(७) प्रसारण प्रकृति :
(८) पालना गर्नुपर्ने शर्तहरु :

लोक कल्याणकारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ

(क) नेपालको संविधान र प्रचलित कानुनको पालना गरेको,

(ख) प्रत्येक वर्ष नवीकरण भएको,

(ग) आयकर P A N नम्वर र कर भुक्तानीको प्रमाण पेश गरेको,

(घ) लेखा परीक्षण प्रतिवेदन समावेश गरेको,

(ङ) आचार संहिता पालना गरेको,

(च) तीस प्रतिशत भन्दा बढी कार्यक्रम रिले प्रसारण नगरेको,

(छ) ३६५ दिनमा कम्तिमा पनि ३३० दिन नियमित प्रसारण भएको,

(ज) प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रसारण भएको,

(झ) विज्ञापनको समय कार्यक्रमको एकतिहाई भन्दा बढी नभएको,

(ञ) नियमित प्रसारण भएको एक वर्ष पुगेको हुनुपर्ने,

**संलग्न कागजपत्रहरु**

१.

२.
३.
४.
५.

हस्ताक्षर
नाम :
पद :

सम्पर्क नम्बर:
ईमेल:
संस्थाको छाप :
मिति :

प्रमाणिकरण मिति २०८०।१२।०४ गते
प्रकाशित मिति २०८१।०१।२६ गते

आज्ञाले

टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| **जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित मुल्य रु. १०।– (दश) रुपैया** |